# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०९।२० गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला पर्सा साविक जयमंगलापुर गा.वि.स.का तत्कालीन गा.वि.स. सचिव राजेन्द्र महतो नुनियाले नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता शीर्षक (आंशिक अपाङ्ग, पूर्ण अपाङ्ग, औषधि खर्च, असहाय विधवा, बालबालिका तथा दलित) मा विनियोजित रकममा मृत्यु भइसकेको व्यक्तिलाई पनि रकम वितरण गरेको, किर्ते भरपाई तयार गरी व्यापक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले जिल्ला पर्सा साविक जयमंगलापुर गा.वि.स. को आ.व. २०७०/०७१ देखि आ.व. २०७३/०७४ को प्रथम चौमासिकसम्मको सामाजिक सुरक्षा भत्ता शीर्षकको रकम वितरण गर्दा उक्त रकम सम्बन्धित लाभग्राहीलाई नबुझाएको र मृत्यु भइसकेको व्यक्तिको नाममा समेत भत्ता वितरण गरी बदनियतपूर्वक सरकारी रकम हिनामिना गरेको देखिंदा निज आरोपित राजेन्द्र महतो नुनियाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर र निजको कार्यकालमा निजले वितरण गरेको सामाजिक सुरक्षा भत्ताको सक्कल भरपाईमध्ये आ.व. २०७१/०७२ को औषधि उपचार शीर्षक बाहेक अन्य भरपाई तथा आ.व. २०७२/०७३ को तेश्रो किस्ताको भरपाईहरु बरबुझारथ नगरी लुकाई नोक्सानसमेत गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरसमेत गरेको पुष्टि हुन आएकोले निजलाई सामाजिक सुरक्षा भत्ता रकम हानिनोक्सानी तथा हिनामिना गरेको बिगो रु. ५५,९००।— (पचपन्न हजार नौ सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र सोही दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय गरी बिगो रकम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर हुन साथै प्रमाण लुकाई नोक्सानसमेत गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमसमेत सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला